# डेरी तथा दुध चिस्यान केन्द्र स्थापना कार्यविधि २०७६

कार्यपालिकाको वैठकबाट स्वीकृत मिति : २०७६।०७।०५

## प्रस्तावना

मरिण गाउँपालिकाको आ.व. २०७६/०७७ को बजेट तथा कार्यक्रममा दुध चिस्यान केन्दका लागि चिलिङ्ग भ्याट स्थापना कार्यक्रम संचालन गर्न बजेटको व्यवस्थापन भएकोले मरिण गाउँपालिकामा स्वच्छ स्वास्थ्य एवम गुणस्तरिय दुध उत्पादन तथा उपभोक्ता समक्ष उपलब्ध गराउने उदेश्यले दुग्ध उत्पादन सहकारी तथा कृषी सहकारी संस्थाको लागत साझेदारीमा कार्यक्रम संचालन गर्न यो कार्यविधि स्वीकृत गरीएको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यस कार्यविधिको नाम दुग्घ चिस्यान केन्द्रका लागि चिलिङ्ग भ्याट स्थापना कार्यविधि २०७६ रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत गएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङले अर्को नलागेमा

क.कार्यालय भन्नाले मरिण गाउँपालिका लाई सम्झनु पर्दछ ।

ख. कार्यक्रम भन्नाले मरिण गाउँपालिका को दुग्घ चिस्यान केन्द्रका लागि चिलिङ्ग भ्याट स्थापनामा कार्यक्रम तथा बजेट सम्झनु पर्दछ ।

ग. गाउँपालिका भन्नाले मरिण गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ. साझेदारी संस्था भन्नाले दुग्ध व्यवसायमा संलग्न दुग्घ सहकारी वा कृषि सहकारी सम्झनु पर्दछ ।

ङ. शाखा भन्नाले मरिण गाउँपालिकाको पशु विकास शाखालाई सम्झनु पर्दछ ।

३. उदेश्य : यस कार्यविधिको उदेश्य देहाय बमोजिम हुनेछ ।

क.दुग्धको गुणस्तर कायम राख्ने

ख. दुग्ध जन्य पदार्थको आयतक्रम तथा निर्यात प्रर्वधन गर्ने

ग. दुधमा आत्म निर्भर हुने

घ. संकलन र वितरण गरिने

## परिच्छेद २

४. मुल्याङ्कन समिति

क. प्रस्ताव मुल्याङ्कन गरी स्वीकृतका लागि सिफारिस गर्न गाउँपालिका स्तरीय कृषि समितिबाट मुल्याङ्कन समिति गठन गरिनेछ ।

ख. मुल्याङ्कन समितिमा कृषि समितिका संयोजक अध्यक्ष, गाउँपालिकाको योजना शाखा हेर्ने कर्मचारी सदस्य, अध्यक्षले तोकेको कृषि/पशुपालन सम्बन्धी अनुभव भएको महिला १(एक) जना , कृषक, कृषक समूह तथा कृषि सहकारी प्रतिनिधि सदस्य १(एक) जना र गाउँपालिकाको पशुविकाश शाखा प्रमुख सदस्य सचिव रहने छन् ।

ग. गठित समितिले अनुसुची ४ बमोजिम प्रस्तावको मुल्याङ्कन गर्नेछ ।

५. अनुगमन तथा मुल्याङ्कन : यस कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गाउँपालिका, वडा कार्यालय, गाउँपालिका अनुगमन समिति तथा कृषि समितिबाट समेत गरिनेछ ।

## परिच्छेद ३

कार्यक्रम संचालन प्रकिया

६. कार्यक्रम संचालन : यस आ.व. २०७६/०७७ मा यस गाउँपालिका भित्र १००० लि क्षमताको चिलिङ भ्याट स्थापना गरिनेछ । उक्त चिलिङ भ्याट स्थापना दुग्ध उत्पादक सहकारी संस्था वा कृषि सहकारी संस्था सँग २५% लागत साझेदारीमा संचालन गरिने छ ।

७. प्रस्ताव आहान : चिलिङ्ग भ्याट संचालन गर्न इच्छुक साझेदार संस्थालाई १५ दिनको समय दिई अनुसुची १ बमोजिमको सूचना प्रकाशन गरिन्छ ।

८. प्रस्ताव दर्ता : दफा ७ बमोजिमको समय अवधि भित्र साझेदारी गर्न इच्छुक संस्थाले सम्बन्धीत तहले दिएको सिफारीस पत्र अनुसुची ३ बमोजिमको लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र अनुसुची ४ बमोजिमको कार्ययोजना तयार गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

९. साझेदारी संस्थाको छनौट : दफा ४ बमोजिम गठित समितिले अनुसुची ४ बमोजिम आवेदकको मुल्याङकन गरी प्राप्त अङ्कको आधारमा साझेदार संस्था छनोट गरिनेछ ।

१०. आवेदकलाई जानकारी : साझेदारी संस्था छनोट भए लगतै साझेदार संस्थालाई जानकारी कार्यालयले गर्ने छ ।

११. सम्झौता :

(१) जानकारी दिइएको मितिले १५ दिन भित्र सम्बन्धीत साझेदार संस्थाले गाउँपालिका संग अनुसुची ५ बमोजिम सम्झौता गर्नुपर्नेछ ।

२ उपदफा १ बमोजिम समय अवधी भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो संस्था संग सम्झौता गर्न सकिनेछ ।

३.दफा ७ बमोजिम प्रस्ताव आवहान गर्दा प्रस्ताव नपरेमा वा १ मात्र प्रस्ताव परी सम्झौता गर्न नआएमा पुन प्रस्तावना आवहान गरिनेछ ।

## परिच्छद ४

कार्यक्रम संचालनको आर्थिक पक्ष

१२. चिलिङ्ग भ्याट अनुदान रकम प्राप्त गर्ने साझेदार संस्थालाई कार्य सम्पन्न प्रश्चात अनुगमन गरी प्राप्त विल भरपाईको आधारमा एक मुष्ठ रकम बैंक खाता मार्फत उपलब्ध गराइनेछ ।

१३. संशोधन : यो कार्यविधि कार्यान्वयनको क्रममा बाधा अडचन आइपरेमा कार्यपालिकाले फुकाउन सक्नेछ ।

१४. बचाउ : यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**अनुसूची १**

**(दफा ७ सँग सम्बन्धीत)**

<u>प्रस्ताव आह्वान सम्बन्धी सूचना</u>

प्रथम पटक प्रकाशित मिति :- ......................

आ.व. .......................को बार्षिक स्वीकृत कार्यक्रम अनुसार डेरी तथा दुध चिस्यान केन्द्र स्थापना कार्यक्रमको माध्यमवाट स्वरोजगार सृजना गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक सहकारीवाट प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक सहकारीले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल अनुसारका कागजातहरु सहित तोकिएको ढाँचा अनुसारको प्रस्ताव गाउँपालिकाको पशु विकास शाखामा दर्ता गर्नु हुन यो सूचना जारी गरिएको छ । पिछडिएको क्षेत्र द्वन्द पिडित एकल महिला र विपन्न वर्गका समुदाय आवद्र सहकारीलाई विषेश प्राथमिकता दिइनेछ ।

**<u>तपसिल</u>**

१. अनुसूची ३ अनुसारको संक्षिप्त व्यवसायीक कार्ययोजना

२. आधिकारीक तहमा सहकारी संस्था दर्ता नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपि

३. कार्य समितिको निर्णयको प्रतिलिपि

४. प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान

**अनुसूची २**

**(दफा ८ सँग सम्बन्धीत)**

प्रस्तावना पत्र पेश गर्ने आवेदन पत्र

मिति :- ..............................

श्री प्रमुख प्रशासकीय अधिकृत,
मरिण गाउँपालिकाको कार्यालय,
कपिलाकोट, सिन्धुली ।

**विषय :- डेरी तथा दुध चिस्यान केन्द्र स्थापना कार्यक्रममा लागत सझेदारी गर्ने वारे ।**

महोदय,

हामीलाई डेरी तथा दुध चिस्यान केन्द्र स्थापना कार्यक्रम संचालन गर्न अनुदान प्राप्त गरी कार्यक्रम संचालन गर्ने तिब्र इच्छा भएकोले निम्नानुसारका कागजात राखि निवेदन गरेका छौं । हामीले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धीत गाउँपालिका भित्र रहि कार्य गर्ने छौ भनि यो संक्षिप्त प्रस्तावना पत्र र आवश्यक कागजातहरु संलग्न गरि यो निवेदन गरिएको ब्यहोरा अनुरोध छ ।

**तपसिल**

१. अनुसूची ३ अनुसारको संक्षिप्त ब्यवसायीक कार्ययोजना

२. आधिकारीक तहमा सहकारी संस्था दर्ता नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपि

३. कार्य समितिको निर्णयको प्रतिलिपि

४. प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान

निवेदकको

नाम :-

दस्तखत :-

पद :-

सहकारी :-

ठेगाना :

## अनुसूची ३

**(दफा ८ सँग सम्बन्धीत)**

प्रस्तावित  कार्ययोजना

१.  सहकारीको नाम :-                                        सम्पर्क नं. :-

२. ठेगाना :- ...............................................गाउँ/टोल .......नं. वडा डेरी संचालन गरिने स्थान .............................................................

३. डेरी तथा दुध चिस्यान केन्द्र स्थापना कार्यक्रममा संचालन गरिने कार्य विवरण :

| क्र.सं. | कार्यक्रम | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थान | |
| ३ | आवेदनको नाम र ठेगाना | |
| ४ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत | |
| ५ | प्रस्तावकले आफनै स्रोतबाट व्यहोर्ने रकम | |
| ६ | प्रस्तावित कार्यक्रमको उदेश्य | |

साझेदार संस्थाको तर्फवाट सहि गर्नेको

नाम :

पद :

दस्तखत :

मिति :

औंठाको छाप :  दायाँ  बाँया

# अनुसूची ४

## (दफा ९ सँग सम्बन्धीत)

**डेरी तथा दुध चिस्यान केन्द्र स्थापना कार्यक्रमको प्रस्तावना वा साझेदार संस्था छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु**

| क्र.सं. | दर्ता नं. | ठेगाना | प्रस्तावित कार्ययोजना (२०) | दुध उत्पादक कृषक सदस्य संख्या (३०) | दैनिक दुध संकलन परिमाण लिटर(२०) | पिछडिएको क्षेत्र(१०), द्वन्द पिडित(१०), एकल महिला(५) ,विपन्न वर्गका समुदाय(५) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

## अनुसूची ५

### (दफा ११ सँग सम्बन्धीत)

### <u>सम्झौता-पत्र</u>

मरिण गाउँपालिका (यसपछी प्रथम पक्ष भनिएको) र ............................................................... (यसपछी दोस्रो पक्ष भनिएको) डेरी तथा दुध चिस्यान केन्द्र स्थापना संचालनको लागि देहाय बमोजिम शर्तको अधिनमा रही तोकिएको शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरिएको छ ।

**<u>शर्तहरु</u>**

१. प्रस्तावित उन्नत जातका डेरी तथा दुध चिस्यान केन्द्र स्थापना सिन्धुली जिल्ला मरिण गाउँपालिका ... नं. वडा ....................................टोलको ....................................भन्ने ठाउँमा मिति ..............................सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रस्तावना पत्रमा पेश भए अनुसारको कार्य भएको हुनुपर्नेछ ।

३. अन्तीम भुक्तानी लिन आउदा आवश्यक विल भर्पाई, कार्यक्रमको माइन्युट, कार्यक्रमको फोटो र वडा कार्यालयको सिफारिस आदी आवश्यक कागजात पेश हुनुपर्ने ।

४. सम्झौता मुताविकको कार्य नभएमा वा उपलब्ध स्रोतको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग गरी दोस्रो पक्षवाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

५. दोस्रो पक्षले कार्यक्रम सन्चालन गर्दा प्रथम पक्षलाई जानकारी दिएर मात्र कार्यक्रम सन्चालन गर्नुपर्नेछ ।

६. प्रथम पक्षले उक्त कार्यक्रमहरुमा खर्च भएको रकम दोस्रो पक्षले पेश भरेको विल भर्पाई आधारमा रु ................................................. सम्म उपलब्ध गराउने छ । नियम अनुसार लाग्ने कर दोस्रो पक्षले ब्यहोर्नु पर्ने छ ।

७. प्रस्तावित कार्यक्रम स्थल सम्झौता मुताविकको भन्दा अन्यन्त्र सारिने छैन, तथापी काबु वाहिरको अवस्थामा स्थान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्वीकृत अनिवार्य रुपमा लिनु पर्नेछ ।

८. प्रस्तावित कार्यक्रम संचालन गरिएको थलोमा ठेगाना तथा सहयोगी निकायको नाम उल्लेखित वोर्ड राख्ने कार्य दोस्रो पक्षले अनिवार्य रुपमा गर्नेछ ।

९. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित नियम कानुन र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१०. उत्पादित बस्तु (दुध) बजारिकरणको ब्यवस्था प्रथम पक्षले गर्नेछ । अन्यन्त्र विक्रि वितरण गर्नु पर्ने भएमा प्रथम पक्षको स्वीकृती लिएर मात्र गर्नुपर्नेछ ।

**<u>दोस्रो पक्षको तर्फवाट :</u>**

हस्ताक्षर : ..........................................

**<u>पहिलो पक्षको तर्फवाट :</u>**

हस्ताक्षर : ..................................................

नाम ः

पद ः

समुह/सहकारीको छाप ः

नाम ः

पद ः

कार्यालयको छाप ः

**साक्षीी**

हस्ताक्षर ः ..........................................

नाम ः

पद ः

ठेगाना ः

**साक्षी**

हस्ताक्षर ः ..................................................

नाम ः

पद ः

ठेगाना ः

इति सम्बत् ............................साल ............................ महिना ................... गते ................ रोज शुभम् ।